नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : ०८१/०८२

चलानी नं. : १३२

नेपाल सम्वतः ११४४

मितिः- २०८१/१०/०८

विषय : सहभागिता सम्वन्धमा।

श्री जिल्ला समन्वय अधिकारी,

मधेश प्रदेशका सप्तरी, सिराहा, धनुषा, र महोत्तरी जिल्ला .

मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्थानीय तहहरुले आर्षिक वर्ष २०८०/८१ मा सम्पन्न गरेका कार्यहरुको समीक्षा गर्दै स्थानीय तहका असल अभ्यास सम्बन्धी अनुभव एवम् सिकाईको आदान-प्रदान सम्वन्धी प्रदेश स्तरीय कार्यक्रम माननीय मन्त्रीज्यू र श्रीमान् सचिवज्यूको समुपस्थितिमा देहायको मिति, समय र स्थानमा हुने भएकोले त्यस जिल्ला अन्तर्गतका स्थानीय तहको अनिवार्य उपस्थिती हुने व्यवस्थामा सहजीकरण सहित कार्यक्रममा सहभागिताको लागि अनुरोध छ।

मितिः २०८१।१०।१३ देखि १५ गतेसम्म।
आइपुग्नु पर्ने समयः २०८१।१०।१२ गते अपरान्ह ४ वजेसम्म।
स्थानः गौतम होटल, बर्दिबास, महोत्तरी।

(रुद्र सिंह तामाङ)
सहसचिव

नोटः

- कार्यक्रम अवधिभर खाना, खाजा तथा आवासीय व्यवस्था मन्त्रालयको तर्फबाट हुनेछ। कार्यक्रममा कार्यालयको सवारी साधन सहित उपस्थित हुने र सवारीचालकको समेत आवासीय व्यवस्था गर्नुपर्ने भएमा सोको जानकारी कार्यक्रम शुरु हुने अघिल्लो दिन १२ बजे भित्र मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ। दैनिक तथा भ्रमण भत्ता लगायतका कुनैपनि खर्च मन्त्रालयबाट उपलब्ध गराईने छैन।
- कार्यक्रमको उद्घाटन सत्र र समापन सत्र सामुहिक रुपमा हुनेछ। स्थानीय तहबाट हुने प्रस्तुतीकरण र सो सम्वन्धी मन्त्रालयको प्रस्तुतीकरणको लागि सहभागी स्थानीय तहको संख्याका आधारमा तिनीहरुलाई आवश्यकता अनुसार समुहमा विभाजन गरी समानान्तर रुपमा प्रस्तुतीकरणको व्यवस्था मिलाईने छ।
- आफ्नो जिल्ला अन्तर्गतको प्रस्तुतीकरण पश्चात जिल्ला समन्वय अधिकारीबाट Observation मन्तव्य/प्रस्तुतीकरणका लागि समय उपलब्ध गराईने छ।
- कार्यक्रम सम्वन्धी थप जानकारी आवश्यक भएमा ९८५१०३१६२७ वा ९८४३५५४८८८ मा सम्पर्क राख्न सकिनेछ।

सिंहदरवार, काठमाण्डौं (+९७७) (१)